बाटो जान ल्याउन पर्ने भएमासमेत ईलाकाक बडाहाकिम मेजिष्ट्रेट कमि-श्नरले जाँची बुझी हेरी सिफारिश गरी गृह विभाग मै पठाउने ।

आज्ञाले—

श्रीवत्सराज

का. मु. सेक्रेटरी —गृह विभाग

## पब्लिकसर्भिस कमिशनका विज्ञापन नं. ८ (क)

२०१२।६।२४।२

( यो विज्ञापन २०१२।३।२। मा प्रकाशित गरिसकिएको थियो तापनि कसैको दरखास्त पर्न नआएकोले एक पटक फेरी प्रकाशित गर्ने काम भएको छ )

स्वास्थविभाग डब्ल्यू. एच्. ओ. अन्तर्गत हेल्थ असिस्टेन्ट स्कूललाई एक जना नेशनल काउन्टरपार्ट फर डाइरेक्टर हेल्थ असिस्टेन्ट स्कूल चाहिएको छ । योग्य नेपाली उमेद्वारहरूले प. स. क. दरखास्त फाराम नं १ (२०१०) मा भरी १०१२ साल मार्ग २६ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनु होला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, मढी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्त साथ फी पठाउनु पर्दैन ।

पदको विवरण यस प्रकार छ :—

१. पदः— नेशनल काउन्टरपार्ट फर डाइरेक्टर हेल्थ असिस्टेन्ट स्कूल्स गजेटेड ३ वर्षको अस्थायी ।

२. आवश्यक न्यूनतम योग्यता :— एम. बी. बी. यस. ।

३. विशेष योग्यता :— छात्रहरूलाई स्वास्थ्य सम्बन्धी शिक्षा दिन सक्ने ।

४. मासिक तलब :— मो. रु २०० ।

५. मासिक विशेष तलब वा भत्ता :— बाहिर बिरामी हेरी प्राक्टिस गर्न नपाउने बापत मो, रू. २०० ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. काम: — छात्रहरूलाई स्कूलमा स्वास्थ्य सम्बन्धमा पढाउने ।

आज्ञाले :—

खड्गमान मल्ल एम.ए.

सेक्रेटरी :— पब्लिक सर्भिस कमिशन

सिंहदरबार, काठमाडौं, नेपाल

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं २०

२०१२।६।२१।१

स्वास्थ्यविभाग तथा डब्ल्यू. एच्. ओ. सहायता अंतर्गत आएन्टी मलेरिया प्रोजेक्टको कामलाई एकजना एन्टोमोलोजिकल एसिष्टेण्ट र दुइजना ल्यावोरेटरी टेकिनसिएन जम्मा तीन पदमा उमेदवार चाहिएकाछन् । नेपाली नागरिक उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल मा २२ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी पठाउनुहोला । दरखास्त फारामको नमुना प्रत्यक नेपाली हुलाक,गढी, गौंडा, गोस्वरामा पनि पाइनेछ । दरखास्त साथ फी पठाउनु पर्दैन ।

पदकोविवरण यसप्रकार छन्:—

१. पद: [क] एकजना एन्टोमोलोजिकल एसिष्टेन्ट ।

[ख] दुइजना ल्यावोरेटरी टेकिनसियन ।

दुवै पद ननगजेटेड तथा हाललाई २॥ बर्षको अस्थायी ।

२. आवश्यक न्यूनतम योग्यता: —भरसक मलेरियामा तालिम पाएका सो नभएमा अनुभवी पास भएका कम्पाउन्डर हुन पर्छ ।

३. मासिक बेतन तथा भत्ता :— कं रु.१४० र ठाउँ ठाउँमा दूरमा जाँदा मासिक कं. रु. १७०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. स्थानः — हेटौंडा वा भीमफेदीको वरिपरी ।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन. सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं.२१

२०१२।६।२४।२

शिक्षाविभाग अन्तर्गत दरबार इन्टर कलेजलाई एक र पाटन इन्टर कलेजलाई एक जम्मा दुइजना नागरिक शास्त्रका लेकचररहरू चाहिएका छन् । योग्य नेपाली नागरिक उमेदवारले प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा भरी २०१२ साल मार्ग २१ गते रोज ( सम्ममा यसको ठेगानामा पुग्ने गरी पठाउनु होला । दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा गोस्वारामा पनि पाइने छ । दरखास्त साथ फी पठाउनु पर्दैन ।

पदहरूको विवरण यसप्रकार छन्:—

१. पद: लेकचरर, गजेटेड, स्थायी तथा पेन्शन् पाइने ।

२. आवस्यक न्यूनतम योग्यता:- पोलिटिक्समा एम. ए. ।

३. विशेष योग्यता:- पहिला अथवा दोस्रा दर्जामा पास भएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक वेतन स्केल तथा भत्ताः मो.रु.१८०।-२६० । .भ.मो.रु.२०।

आज्ञाले—

खड्गमान मल्ल,एम.ए.

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन, सिंहदरबार काठमाडौं नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।